# कैलालीका रेडियोमा स्थानीय सामग्री

एकिन्द्र तिमिल्सिना

## परिचय

रेडियो नेपाल राजधानी केन्द्रित भएकाले स्थानीय मुद्दा उठाउन भनेर पनि नेपालमा स्थानीय रेडियो खुलेका हुन् । स्थानीय नागरिकले स्थानीय रेडियोबाट धेरै कुराको अपेक्षा गरेका हुन्छन् । स्थानीय रेडियोले अरूले उत्पादन गरेका कार्यक्रम बढी प्रसारण स्थानीय मुद्दाको उठान गहन ढंगले गर्न नसकेको गुनासो व्यापक सुनिन्छ ।

काठमाडौँको एकोहोरो सूचना प्रवाहका विकल्पमा ठाउँठाउँमा प्रशस्तै स्थानीय रेडियो खुले पनि तिनमा प्रसारण हुने समाचार र कार्यक्रम काठमाडौँका एफएमभन्दा फरक देखिँदैनन् । स्थानीय मुद्दाको उठान नै स्थानीय रेडियोको पहिचान हुनुपर्दछ । कैलालीका रेडियोका समाचार र कार्यक्रममा स्थानीय विषयका के-कस्ता सामग्री समेटिएका छन् र समेटिन नसकेका कारण के हुन् भन्ने कुरा पत्ता लगाउन यो अध्ययन गरिएको हो ।

अध्ययनको नमुनाका लागि कैलालीका चारओटा एफएमका २०६७ असोज र कात्तिक महिनाको १ देखि ५ सम्मका दैनिक एक-एकओटा समाचार बुलेटिन र असोज महिनामा प्रसारण भएका शिक्षामूलक कार्यक्रम समावेश गरिएका छन् । दुई फरक महिनाका समाचार बुलेटिन र एक महिनाभरका शिक्षामूलक कार्यक्रमहरू

*मिडिया अध्ययन* ७ : १९१-२१६ २०६९

लिँदा तुलनात्मक अध्ययन साथै यहाँका रेडियोहरूले समाचार र शिक्षामूलक कार्यक्रममा स्थानीय सामग्रीलाई कस्तो स्थान दिएका छन् भन्ने कुरा विश्लेषण पनि गर्न सकिने भएकाले यो विधि अपनाइएको हो । यस क्रममा रेडियोमा कार्यरत पत्रकार, व्यवस्थापक र सञ्चालकसँग पनि कुराकानी गरिएको छ ।

यस लेखलाई मुख्य चार खण्डमा विभाजन गरिएको छ । सबैभन्दा पहिले कैलालीका एफएमहरूको छोटो पृष्ठभूमि दिइएको छ । त्यसपछि तिनमा स्थानीय सामग्री (समाचार र शिक्षामूलक कार्यक्रम) को अवस्था, नेटवर्किङको अवस्था र स्थानीय सामग्री कम हुनाका कारणबारे विवेचना गरिएको छ ।

## रेडियोको पृष्ठभूमि

कैलालीमा वि.सं. २०६० को मध्यदेखि नै एफएम रेडियो सञ्चालनमा आएका हुन् । २०६८ माघसम्ममा यहाँ ११ ओटा स्थानीय र दुईओटा रिले (एफएम ब्यान्डबाट रेडियो नेपालसमेत) स्टेसन गरी १३ ओटा रेडियो प्रसारणमा छन् (हेर्नुहोस् तालिका १) ।

वि.सं. २०६१ सम्म कैलाली र आसपासको क्षेत्रका मानिसहरू रेडियो नेपाल र रेडियो नेपालको क्षेत्रीय प्रसारण केन्द्र सुर्खेतको प्रसारण सुनेर चित्त बुझाउँथे । रेडियो नेपालको दिपायल क्षेत्रीय प्रसारण कैलालीमा सुनिँदैनथ्यो । २०६१ सालमा कैलालीको अत्तरियाबाट सामुदायिक रेडियो घोडाघोडी एफएम प्रसारण भएपछि यहाँका नागरिकले स्थानीय रेडियोबाट स्थानीय समाचार र कार्यक्रम सुन्न पाएका हुन् ।

२०५७ साउनमा पश्चिम नेपालका कमैयाहरूलाई सरकारले मुक्त घोषणा गर्‍यो तर उनीहरूको गास, बास, कपडा र उपचारको राम्रो व्यवस्था गरेन । मालिकको घरबाट सडकमा पुगेका मुक्त कमैयाहरू खान-बस्नको अभावमा छटपटाउन थालेपछि उनीहरूको अधिकारका लागि आवाज उठाउन र सरकारलाई दबाब दिन भनेर ब्याकवार्ड सोसाइटी एजुकेसन (बेस) ले रेडियो नेपालको क्षेत्रीय प्रसारण केन्द्र सुर्खेतबाट हप्तामा तीन दिन १५ मिनेटको रेडियो कार्यक्रम ख्याल सुरु गर्‍यो । यो कार्यक्रम दुई वर्षसम्म चल्यो । २०६० सालमा यो कार्यक्रमको समय ३० मिनेट भयो । सोमबार, बुधबार र शुक्रबार साँझ ८:१५ देखि ८:४५ सम्म बज्थ्यो यो कार्यक्रम । मुक्त कमैयाका साथै समग्र थारू समुदायका सवाल पनि कार्यक्रममा थारू भाषामै बज्ने भएकाले थारू समुदायमा यो कार्यक्रम लोकप्रिय थियो । यही लोकप्रियता देखेर नै बेसले २०६१ सालमा सामुदायिक रेडियो घोडाघोडी एफएम नै स्थापना गरेको बेसका महासचिव तथा एफएमका प्रबन्ध निर्देशक ध्रुवबहादुर शाहको भनाइ छ ।

### तालिका १ : २०६८ पुससम्म कैलालीमा प्रसारणमा रहेका एफएम रेडियो

| क्र.सं. | एफएमको नाम | फ्रिक्वेन्सी | क्षमता (वाट) | इजाजत मिति | प्रसारण मिति | प्रकृति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | घोडाघोडी एफएम | ९१.४ | ५०० | २०६०/६/९ | २०६१/५/२३ | सामुदायिक | २०६८ कात्तिकदेखि बन्द |
| २ | दिनेश एफएम | ९३.८ | १००० | २०६३/६/२ | २०६४/३/१९ | व्यापारिक | |
| ३ | फूलबारी एफएम | ९३.२ | ५०० | २०६३/७/२८ | २०६४/१/१५ | व्यापारिक | |
| ४ | खप्तड एफएम | ९८.२ | ५०० | २०६३/८/७ | २०६४/६/२ | व्यापारिक | |
| ५ | टीकापुर एफएम | १०१.० | २५० | २०६३/११/३० | २०६४/११/२५ | सामुदायिक | |
| ६ | रेडियो जनआवाज | ८९.४ | ५०० | २०६४/११/२९ | २०६५ | व्यापारिक | २०६७ मंसिरदेखि बन्द |
| ७ | हाम्रो मालिका एफएम | १०७.० | १०० | २०६६/१०/२१ | २०६७/२/२८ | व्यापारिक | |
| ८ | हाम्रो फूलबारी एफएम | १०७.३ | १०० | २०६६/११/११ | २०६७/१२/१५ | सामुदायिक | कैलालीका लागि इजाजत प्राप्त गरी बर्दियामा स्थापना |
| ९ | गोदाबरी एफएम | ८७.९ | १०० | २०६७/५/७ | २०६८/२/३० | व्यापारिक | |
| १० | पश्चिम टुडे एफएम | ८८.८ | १०० | २०६७/१०/२३ | २०६८/१०/५ | सामुदायिक | |
| ११ | रेडियो कैलाली एफएम | १०३.७ | १०० | २०६७/१२/१२ | २०६८/१०/५८ | व्यापारिक | |
| १२ | कान्तिपुर एफएम | १०१.८ | १००० | २०६३/९/१२ | - | व्यापारिक | रिले प्रसारण |
| १३ | रेडियो नेपाल | १०३.० | १००० | - | - | सरकारी | रिले प्रसारण |

स्रोत : सूचना तथा सञ्चार मन्त्रालय श्रव्यदृश्य तथा प्रसारण शाखा र सम्बन्धित रेडियोको अभिलेख ।

आदिवासी, मुक्त कमैया, राज्यसम्म पहुँच नपुगेका समुदायको वकालत गर्ने उद्देश्यसाथ खोलिएको घोडाघोडी एफएम तत्कालीन भूमिगत नेकपा (माओवादी) का कार्यकर्ताले २०६२ जेठमा उपकरण लुटेपछि छ महिना बन्द भएको थियो । पुनः प्रसारणमा आएपछि बिहान ५:३० देखि राति १०:०० बजेसम्म गरी दैनिक साढे १६ घण्टा प्रसारणमा थियो । सुरुमा २५० वाट क्षमतामा चलेको घोडाघोडी एफएम पछि फ्रिक्वेन्सी र प्रसारण क्षमता परिवर्तन गरी ९१.४ मेगाहर्जमा ५०० वाटमा चलेको थियो । घोडाघोडी एफएमले दुई लाखभन्दा बढी विद्युत् महसुल बुझाउन नसक्दा २०६८ कात्तिक २९ गते विद्युत् प्राधिकरणले लाइन काटिदिएपछि दोस्रो पटक बन्द भएको छ ।[१]

प्रसारण मितिका हिसाबले फूलबारी एफएम कैलालीमा स्थापना भएको दोस्रो एफएम हो । काठमाडौँको रेडियो सगरमाथामा काम गरेका टीकापुरका रेशम चौधरीले फूलबारी एफएम सञ्चालनमा ल्याएका हुन् ।

कैलालीको सदरमुकाम धनगढीबाहिर दुइटा एफएम प्रसारणमा आएपछि सदरमुकाम धनगढीमा २०६४ असारमा व्यापारिक प्रतिष्ठान दिनेश ग्रुपद्वारा दिनेश एफएम स्थापना भयो । यो एफएम बिहान ५ बजेदेखि राति १२ बजेसम्म गरी दैनिक १९ घण्टा प्रसारण भइरहेको छ । यस्तै, देशभर एफएम रेडियोहरूको लहर आएकै बेला क्याम्पस पढ्दाका आठजना साथीहरू मिलेर सूचना र प्रविधिको क्षेत्रमा व्यवसाय गर्ने योजनासाथ खप्तड एफएम सञ्चालनमा आयो । यो एफएम बिहान ५ बजेदेखि राति ११ बजेसम्म प्रसारण हुन्छ ।

कैलालीको पूर्वी क्षेत्रमा अवस्थित सहर टीकापुरमा नेपालगञ्ज र सुर्खेतका एफएम सुनिन थालेपछि टीकापुरका सञ्चारकर्मीहरूले सञ्चारकर्मी समूह टीकापुर (गैरसरकारी संस्था) को स्थापना गरी समुदायको सहयोगमा २०६४ फागुनबाट सामुदायिक रेडियो टीकापुर एफएम प्रसारणमा आएको हो । अध्ययन अवधिमा यो रेडियो दैनिक १४ घण्टा प्रसारण हुन्थ्यो ।

जनआन्दोलन २०६२-०६३ को सफलतापछि रेडियोको इजाजतपत्र लिन सजिलो हुन थालेपछि कैलालीमा एफएम खुल्ने क्रम अझ बढ्यो । यस क्रममा २०६५ मा धनगढीमा रेडियो जनआवाज प्रसारणमा आयो । परीक्षण प्रसारण सुरु भएको केही दिनमै प्राविधिक कमजोरीका कारण टावर ढलेपछि केही महिना एफएम चल्न सकेन ।[२] टावर पुनःनिर्माण गरी एफएम सञ्चालन गरे पनि २०६७ मंसिर ५ गते राति थरूहट सेना नेपालले एफएम उपकरण लुटेपछि प्रसारण बन्द भयो ।

---

[१] स्टेसन म्यानेजर मस्तवीर क्याकंग्रहवासँग २०६८ फागुन २ मा गरिएको कुराकानी ।

[२] जनआवाज एफएमका प्रबन्ध निर्देशक रामबहादुर केसीसँग २०६७ साउन २२ मा गरिएको कुराकानी ।

ठाउँठाउँमा एफएम खुल्न थालेपछि गाउँगाउँमा पनि माग बढ्न थाल्यो । उदाउँदो नगरको रूपमा विकास भइरहेको लम्कीमा व्यावसायिक सम्भावना देखेपछि स्थानीयको लगानीमा हाम्रो मालिका एफएम सञ्चालनमा आएको छ । राजमार्गमै रहेको लम्कीमा रेडियो पनि नभएकाले केही सञ्चारकर्मी र केही व्यापारीहरू रेडियो स्टेसन खोल्न हौसिएका हुन् । २०६७ असारदेखि यो रेडियो दैनिक १७ घण्टा प्रसारण भइरहेको छ ।

अनुसन्धान सकेर यो लेखको मस्यौदा तयार हुँदै गर्दा वि.सं. २०६८ मा कैलालीमा तीनओटा नयाँ रेडियो स्टेसन खुलेका छन् । ग्राम विकास तथा अनुसन्धान केन्द्रले धनगढीमा पश्चिम टुडे एफएम, गोदाबरी मिडिया प्रालिले अत्तरियामा गोदाबरी एफएम र निश्छल मिडिया प्रालिले सुखडमा कैलाली एफएमको प्रसारण सुरु गरेका छन् ।

फूलबारी एफएमका प्रबन्ध निर्देशक रेशम चौधरीको नेतृत्वमा थारू उत्थान मञ्च नेपालले हाम्रो फूलबारी एफएम बर्दियामा स्थापना गरेको छ । सञ्चार मन्त्रालयको वेबसाइटमा दिइएको जानकारीअनुसार यसले कैलालीमा नै स्टेसन स्थापना गर्ने गरी इजाजत लिएको हो ।

## समाचारमूलक र शिक्षामूलक कार्यक्रमको अवस्था

कैलालीमा खुलेका एफएम स्टेसनहरूले समाजका लागि आवश्यक पर्ने सबै प्रकारका सूचना सम्प्रेषण गर्ने उद्देश्य लिएका छन् । उद्देश्यअनुसार कार्यक्रम उत्पादन र प्रसारण गर्ने प्रयास गरिरहेका छन् । यहाँका एफएममा प्रसारण भइरहेका सामग्रीहरूलाई समाचारमूलक, शिक्षामूलक र मनोरञ्जनात्मक गरी तीन भागमा बाँडेर हेरिएको छ । त्यसमध्ये यहाँ समाचार र शिक्षामूलक कार्यक्रमको विवेचना गरिनेछ ।

समाचार खण्डमा एफएमबाट प्रसारण हुने समाचार बुलेटिन, खबर संक्षेप, रेडियो नेटवर्कबाट लिइएका समाचार, बीबीसी नेपाली सेवा आदिलाई राखिएको छ । शिक्षामूलकअन्तर्गत रेडियो नाटक, अन्तर्वार्ता, स्थानीय वा काठमाडौँमा उत्पादन भई नेटवर्किङमार्फत प्रसारण हुने विकासे कार्यक्रम, टक शो, रेडियो म्यागेजिन आदिलाई राखिएको छ । निश्चित समयमा प्रस्तोता उपस्थित भई केही सूचना तथा सन्देश र श्रोतासँग फोनसंवादमा आधारित नेपाली, हिन्दी र अन्य स्थानीय भाषामा बज्ने सांगीतिक वा ठट्यौली कार्यक्रमलाई मनोरञ्जनात्मक कार्यक्रमअन्तर्गत राखिएको छ । तर निरन्तर गीत मात्र प्रसारण हुने कार्यक्रमलाई भने मनोरञ्जनात्मक अन्तर्गत पनि नराखी विज्ञापनको समयसहित जोडेर छुट्टै राखिएको छ । अध्ययनमा समाविष्ट रेडियोहरूले प्रसारण गर्ने समाचार, शिक्षामूलक र मनोरञ्जनात्मक कार्यक्रमको अनुपात यस्तो छ :

**तालिका २ : समाचार, शिक्षामूलक र मनोरञ्जनात्मक कार्यक्रमको अनुपात (समय मिनेटमा)**

| सामग्री | घोडाघोडी एफएम | | दिनेश एफएम | | खप्तड एफएम | | टीकापुर एफएम | |
|---|---|---|---|---|---|---|---|---|
| | समय | प्रतिशत | समय | प्रतिशत | समय | प्रतिशत | समय | प्रतिशत |
| समाचार | १७२० | २४.८ | १३६० | १७ | १४४० | १९ | ११७५ | २० |
| शिक्षामूलक | ८६५ | १२.५ | १७५ | २.२ | ९९० | १३ | ५७० | १० |
| मनोरञ्जनात्मक | ९८० | १४.१ | ३२२५ | ४० | १५०० | २० | ८५५ | १५ |
| समाचार र कार्यक्रम कुल समय | ३५६५ | ५१.४ | ४७६० | ५९.६ | ३९३० | ५२ | २६०० | ४५.३ |
| सूचना, विज्ञापन र गीत | ३३६५ | ४८.६ | ३२३० | ४०.४ | ३६३० | ४८ | ३१४० | ५४.७ |
| जम्मा समय | ६९३० | १०० | ७९९० | १०० | ७५६० | १०० | ५७४० | १०० |

स्रोत : विभिन्न एफएमका २०६७ असोज महिनाको दैनिक प्रसारण तालिका ।

तालिका २ अनुसार रेडियोहरूले प्रसारण गरिरहेका विभिन्न किसिमका कार्यक्रम/सामग्रीको अनुपात हेर्ने हो भने सबैले समाचारलाई प्राथमिकतामा राखेको देखिन्छ । त्यसमा सबैभन्दा बढी घोडाघोडी एफएमले (करिब २५ प्रतिशत) देखि सबभन्दा कम दिनेश एफएमले (१७ प्रतिशत) समय समाचारका लागि छुट्ट्याएका छन् । समयको अनुपातका आधारमा हेर्ने हो भने गीत-संगीतपछि समाचार नै पर्न आउँछ । शिक्षामूलक कार्यक्रमको अनुपात भने अन्य किसिमका कार्यक्रमको तुलनामा निकै कम छ । त्यसमा पनि दिनेश एफएमले शिक्षामूलक कार्यक्रमलाई निकै कम समय (२ प्रतिशत) दिएको देखिएको छ ।

## *समाचारको अवस्था*

कैलालीका एफएमहरूले आफैँले तयार गरेका र नेटवर्कले उत्पादन गरेका समाचार रिले गरेर प्रसारण गरिरहेका छन् । आफैँले तयार गरेका समाचारमा पनि नेटवर्क, इन्टरनेटबाट लिएका समाचार मिलाएर बजाइरहेका छन् । यो खण्डमा अध्ययनका लागि छनौट गरिएका समाचार बुलेटिनका विषयवस्तुका आधारमा विभिन्न शीर्षकमा बाँडेर तिनलाई दिइएको स्थानबारे विश्लेषण गर्ने प्रयास गरिएको छ । यसअन्तर्गत जिल्लाभित्रैका, जिल्लाबाहिरका र विभिन्न भाषामा प्रसारण भइरहेका बुलेटिनको संख्या, तिनले ओगट्ने समय र तिनमा के-कस्ता समाचार प्रसारण भइरहेका छन् भन्ने विषयमा विश्लेषण गर्ने प्रयास गरिएको छ ।

अध्ययन गरिएको अवधि १० दिनमा बजेका समाचारमा समेटिएका विषयवस्तु वा शीर्षकलाई आधार मानेर विश्लेषण गर्ने हो भने कैलालीका एफएमहरूको प्राथमिकता समान छैन । कसैले विभिन्न संघ-संस्थाले आयोजना गर्ने कार्यक्रमको समाचार (औपचारिक समाचार) लाई प्राथमिकता दिएका छन् भने कसैले त्यसबाहेकका विभिन्न गतिविधिलाई प्राथमिकतामा राखेका छन् । तेस्रो प्राथमिकतामा भने प्रायजसो घटना/दुर्घटना पर्दछन् । उदाहरणका लागि घोडाघोडी एफएमले प्रसारण गर्ने जिल्लाभित्रको समाचारमध्ये ५० प्रतिशत औपचारिक किसिमका कार्यक्रमबारे छ । उसले २५ प्रतिशत घटना/दुर्घटना र २५ प्रतिशत मात्रै अनौपचारिक समाचार प्रसारण गरेको देखिन्छ । खप्तड एफएमले प्रसारण गरेको समाचारलाई हेर्ने हो भने ३४ प्रतिशत औपचारिक, १४ प्रतिशत घटना/दुर्घटना र ५२ प्रतिशत अनौपचारिक समाचार देखिन्छ । जिल्लाभित्रका (स्थानीय) समाचारमा रिपोर्टलाई स्थान दिनेमा दिनेश एफएम मात्र देखिन्छ । संख्याको हिसाबले हेर्ने हो भने दिनेश एफएमले अध्ययनमा परेका समाचारमा समेटिएका

आधारमा ३५ प्रतिशत रिपोर्ट प्रसारण गरेको छ (हेर्नुहोस् तालिका ३)। अनौपचारिक वा रिपोर्टको तुलनामा रेडियोहरूले औपचारिक वा घटना/दुर्घटनाबारेको समाचार दिन तुलनात्मक रूपले सजिलो पनि छ। धेरै घटना/दुर्घटनाको समाचारको स्रोत जिल्ला प्रहरी कार्यालय रहेको हुन्छ। प्रायः जिल्ला प्रहरी कार्यालयमा फोन गरेर वा फ्याक्स मगाएर यस्ता समाचार तयार पारिन्छन्। यस्तै औपचारिक कार्यक्रम फलानोको अध्यक्षतामा भयो र विभिन्न व्यक्तिहरू बोले भनेर उनीहरूका नामको सूची मात्रै प्रसारण हुन्छ तर अधिकांश समाचारमा वक्ताहरूले के बोले भन्ने कुरालाई महत्त्व दिइँदैन। यस्ता समाचारहरू आयोजकलाई फोनमा सोधेर वा पत्रकारलाई कार्यक्रममा उपस्थित हुन लगाएर बजाउने धेरैको चलन छ। कार्यक्रम आयोजकले पनि आफ्नो कार्यक्रमको प्रचारप्रसारका लागि नजिक भए स्टेसनमै आएर र टाढा भए फोनबाट कार्यक्रमबारे जानकारी टिपाउने चलन छ।[३] पत्रकार कार्यक्रममा उपस्थित भएको अवस्थामा पनि पूरै समय त्यहाँ नबिताइकन वक्ताको नाम टिपेर हिँड्ने हुनाले पनि कार्यक्रमले उठाउन खोजेको विषयवस्तु समाचारमा आउँदैन। आयोजकसँग कार्यक्रमबारे सोधेका भरमा मात्र लेख्दा आयोजकले नाम मात्र टिपाउन सम्भव हुन्छ; धरै कुरा छुट्छ। कम जनशक्तिले समाचार तयार पार्नुपर्ने बाध्यताले गर्दा यस्तो भएको खप्तड एफएमका समाचार संयोजक केशव कोइरालाको भनाइ छ।[४]

**तालिका ३ : जिल्लाभित्रका समाचारको संख्यात्मक विवरण**

| एफएमको नाम | जिल्लाभित्रका समाचार | | | | |
|---|---|---|---|---|---|
| | जम्मा समाचार | घटना/दुर्घटना | औपचारिक कार्यक्रम | अनौपचारिक | रिपोर्ट |
| घोडाघोडी एफएम | ४० | १० (२५%) | २० (५०%) | १० (२५%) | ० |
| दिनेश एफएम | ५४ | ६ (११%) | १३ (२४%) | १६ (३०%) | १९ (३५%) |
| खप्तड एफएम | ३५ | ५ (१४%) | १२ (३४%) | १८ (५२%) | ० |
| टीकापुर एफएम | ३१ | ५ (१६%) | १९ (६१%) | ७ (२३%) | ० |

स्रोत : एफएम समाचार आर्काइभ र समाचार टेक्स्ट।

खप्तड एफएम औपचारिक गतिविधि बढी हुने सहरभन्दा टाढै गाउँतिर रहेको र दिनेश एफएममा औपचारिक समाचारको ढर्रालाई प्राथमिकतामा नराखिएकाले ती दुवै एफएममा औपचारिक समाचार अरू दुईको तुलनामा कम

[३] पत्रकार दुर्गा देवकोटासँग २०६७ माघ ११ मा गरिएको कुराकानी।

[४] कोइरालासँग २०६७ कात्तिक ९ मा गरिएको कुराकानी।

भएका हुन् । दिनेश एफएमले त्यस्ता गोष्ठी वा सेमिनारबारे समाचार दिए पनि उक्त समाचारलाई रिपोर्टको ढाँचामा तयार गरी बजाउने गरेको छ । दिनेश एफएमका १० समाचार बुलेटिनमा १९ ओटा रिपोर्ट बजेका छन् । यस्ता रिपोर्ट दैनिक कार्यक्रमका अतिरिक्त स्थानीय क्षेत्रमा हुने विभिन्न घटनाक्रमसँग सम्बन्धित पनि हुन्छन् । दिनेश एफएमले प्रसारण गरेका समाचार र रिपोर्ट सुदूरपश्चिमका अछाम, बाजुरा, डोटी र डँडेलधुराबाट पनि आएका छन् । ती जिल्लामा दिनेश एफएमका संवाददाता रहेकाले समाचार र रिपोर्ट समेटिएका हुन् ।

## *समाचारको स्रोत*

कैलालीका एफएमहरूले समाचार संकलन गर्दा आफ्नै संवाददाता र इन्टरनेट प्रयोग गरेको देखिन्छ (हेर्नुहोस् तालिका ४) । दिनेश एफएमले सुदूरपश्चिमका सबै जिल्ला र नेपालगञ्जमा संवाददाता राखे पनि ती जिल्लाबाट नियमित समाचार प्रात हुँदैनन् । स्थानीय समाचारले नपुगेपछि इन्टरनेटबाट समाचार लिन बाध्य भएको दिनेश एफएमका समाचार प्रमुख टेकराज जोशी बताउँछन् । खप्तड एफएमका जिल्लाबाहिर आफ्ना संवाददाता नरहेकाले आफूले चिनेजानेका पत्रकार साथीहरूबाट महत्त्वपूर्ण समाचार कहिलेकाहीँ माग्ने गरेको खप्तड एफएमका समाचार संयोजक केशव कोइराला बताउँछन् ।[५] सामुदायिक रेडियोहरूबीच आपसमा समाचार साटासाट गर्ने गरेकाले महत्त्वपूर्ण समाचार एकअर्कालाई उपलब्ध गराउने गरेको घोडाघोडी एफएमका स्टेसन म्यानेजर मस्तवीर कन्याकंग्रहवा बताउँछन् ।[६] कैलालीका एफएमहरूले सुदूरपश्चिमभित्रका र सुदूरपश्चिमबाहिरका समाचार यसरी समेटेका छन् ।

**तालिका ४ : एफएम संवाददाताले तयार गरेका र इन्टरनेटबाट लिइएका समाचार**

| एफएमको नाम | संवाददाताका समाचार | इन्टरनेट | जम्मा समाचार |
|---|---|---|---|
| घोडाघोडी एफएम | ४० | १२३ | १६३ |
| दिनेश एफएम | ५४ | ६१ | ११५ |
| खप्तड एफएम | ३५ | ६९ | १०४ |
| टीकापुर एफएम | ३१ | १०९ | १४० |

स्रोत : एफएम समाचार आर्काइभ र समाचार टेक्स्ट ।

---

५ कोइरालासँग २०६७ माघ १३ मा गरिएको कुराकानी ।

६ कन्याकंग्रहवासँग २०६७ माघ १३ गते गरिएको कुराकानी ।

स्थानीय रेडियोहरूले प्याकेजिङ गरेका समाचारमा बाहिरका विषयवस्तु धेरै छन् । यस्ता विषयवस्तु छान्ने काम स्टेसनका समाचार संयोजक वा समाचार बुलेटिन तयार गर्ने जिम्मा पाएका पत्रकारले गर्छन् । आफ्ना संवाददाता नभएका स्टेसनले त्यो दिन इन्टरनेटमा आएका र नेटवर्कले पठाएका समाचारमा भर पर्नुपर्छ । घोडाघोडी एफएमले कात्तिक ३ गते साँझ प्रसारण गरेका २० मध्ये १५ समाचार बाहिरका छन् । यस्तै, दिनेश एफएमले प्रसारण गरेका ११ ओटा समाचारमा दुईओटा रिपोर्टसहित चारओटा जिल्लाभित्रका र सातओटा बाहिरका समाचार छन् । सोही दिन खप्तड एफएमले जिल्लाभित्रका दुईओटा र बाहिरका ११ समाचार प्रसारण गरेको छ । ११ ओटै समाचार मध्यपश्चिमका छन् । टीकापुर एफएमले जिल्लाभित्रका दुईओटा समाचार र १२ ओटा समाचार बाहिरका प्रसारण गरेको छ । एफएमहरूले बाहिरबाट प्राप्त गर्ने समाचारका विषयवस्तुमा घटना वा दुर्घटना र नेताका भाषण वा अन्य राजनीतिक विषयवस्तु नै छन् । तालिका ५ ले कैलालीका एफएमले समेट्ने विषयवस्तुको प्राथमिकतालाई अझ प्रस्ट पार्न मद्दत गर्दछ ।

**तालिका ५ : आफैँले प्याकेजिङ गरेका**
**२०६७ कात्तिक ३ गते साँझका समाचार शीर्षक**

| घोडाघोडी एफएम | दिनेश एफएम | खप्तड एफएम | टीकापुर एफएम |
|---|---|---|---|
| • सहमतिको राष्ट्रिय सरकारपछि मात्रै बजेट ल्याउनुपर्ने धनगढीमा भट्टराईको भनाइ<br>• २०२८ सालमा बनेको भीमदत्त राजमार्गको गोदाबरी पुलको काठ कुहियो<br>• थारू कल्याणकारी क्षेत्र नं ६ को नेतृत्व चयन<br>• विराट माविका प्रअले छात्रा बलात्कार गरे<br>• नारायणपुर वैदीका तुलाराम विक पथरैयामा डुबेर मरे<br>• कार्यदलको सहयोगी समूहको बैठकले केन्द्रमा एक सदनात्मक व्यवस्थापिका हुने निर्णय | • काम चलाउ सरकारले बजेट ल्याउन नसक्ने बाबुराम भटराईको भनाइ<br>• नेविप्रा लम्कीमा लगाएको ताला खुल्यो<br>• कैलालीमा प्राकृतिक ताल भए पनि माछापालन व्यवसायमा कमी, ६५ प्रतिशत बाहिरबाटै (रिपोर्ट)<br>• वि.के. नारायण (कलाकार) को जीवनी (रिपोर्ट)<br>• बर्दिया निकुञ्जमा हात्तीको आक्रमणबाट एक महिलाको मृत्यु<br>• बर्दियाको धधवारबाट अपहरणमा परेकी जुना बुढाको मेडिकल कलेजमा उपचार हुँदाहुँदै मृत्यु<br>• नेपालगञ्जमा मुश्लिमले | • काम चलाउ सरकारले बजेट ल्याउनु हास्यास्पद भएको बाबुराम भट्टराईको भनाइ<br>• धनगढीका कार्यालयहरू खुले<br>• बर्दिया धधवारमा हिजो अपहरणमुक्त फेला परेकी बलात्कार गरेर फालिएको पाँच वर्षीय बालिको मृत्यु<br>• बर्दिया शिवपुरमा जंगली हात्तीको आक्रमणले एक जनाको मृत्यु<br>• नेपालगञ्जका मुश्लिमले विजयादशमीमा सीडीओसँग टिका लगाए, दुई सम्प्रदायको अनौठो सद्भाव<br>• कर्णालीमा निजी विमानहरूले उडान नभर्दा | • असोज २७ बाट विद्युत् प्राधिकरण लम्कीमा लगाइएको ताला आज खुल्यो<br>• विराट माविका प्रअले छात्रा बलात्कार गरे<br>• कार्यदलद्वारा प्रदेशमा एक सदनात्मक व्यवस्थापिका बनाउने विषयमा सहमति, कार्यदलको हैसियत राजनीतिक मात्र भएको समितिका सभापति आचार्यको भनाइ<br>• माओवादीको असहमतिको बाबजुद पनि कामचलाउ सरकारले बजेट ल्याउने सञ्चारमन्त्रीको भनाइ<br>• नेकपा (एमाले) धादिङका नेता शिव थापामगरको |

| घोडाघोडी एफएम | दिनेश एफएम | खप्तड एफएम | टीकापुर एफएम |
|---|---|---|---|
| • कर्णालीमा निजी विमानले उडान नभर्दा यात्रु अलपत्र<br>• सुर्खेतको ऐतिहासिक गोठेकाँडा गढी अलपत्र<br>• बाँकेमा यसपालि ५० प्रतिशत धान उत्पादन घट्यो<br>• माओवादी विरोधका बाबजुद पनि बजेट ल्याउने सूचना तथा सञ्चारमन्त्रीको भनाइ<br>• बर्दियाको शिवपुरमा जंगली हात्तीले पार्वती मिझारको मृत्यु<br>• पृथ्वी राजमार्गमा बस र मोटरसाइकल जुध्दा २ जनाको मृत्यु<br>• दसैँ बिदापछि आजबाट सरकारी कार्यालय खुले । सवारी साधनमा यात्रुको चाप<br>• आदिवासी जनजाति महासंघका अध्यक्ष राजकुमार लेखीको राजविराजमा पत्रकार सम्मेलन<br>• सहमतिका लागि सबै दलसँग छलफल गर्ने माओवादी पदाधिकारीको निर्णय<br>• एमाले धादिङका नेता शिव थापा मृत फेला<br>• भारतीय प्रहरीले नवलपरासीका तीन जनालाई मुद्दा चलायो<br>• तुल्सीपुरमा सडकमा ढुंगा राखेर गाडी रोक्न खोज्ने २१ पक्राउ<br>• दाङ राजपुरमा झाडापखाला<br>• दाङ लालमटियामा माछा मार्न गएका चौधरी करेन्ट लागेर मरे | पनि प्रजिअबाट दसैँको टिका लगाए<br>• अछाम विन्ध्यवासिनीमा असुरक्षित सुत्केरी महिला सिकिस्त<br>• दाङमा करेन्ट लागेर एकको मृत्यु<br>• डोटीमा थर प्रमाणित गराउनेको आइरो<br>• डोटीका उपभोक्ता श्रमदान गर्न हिच्किचाउँछन् | सर्वसाधारण मर्कामा<br>• बाँके राप्तीमा ट्याक्टर पल्टिँदा एकको मृत्यु<br>• सुर्खेतको पुरानो सदरमुकाम गोठीकाँडा गढी संरक्षण अभाव, गढी भत्कियो<br>• सल्यानमा लेखपोखरा गाविसका एक महिला बेपत्ता<br>• हुम्ला र मुगुका एक दर्जन गाविसका ३० जनामा झाडापखाला<br>• दाङको राजपुर<br>• दाङको राजपुर गाविसमा झाडापखाला<br>• माछा मार्न गएका बेला करेन्ट लागेर दाङमा एक जनाको मृत्यु<br>• दाङ सतबरिया बन्द फिर्ता<br>• तुल्सीपुरमा सवारी साधन रोकेर लुट्ने तयारी गरिरहेका बेला नौ जना पक्राउ | हत्या<br>• स्यांजामा यात्रुवाहक बस पल्टिँदा १४ घाइते<br>• दाङको भालुवाङमा एक महिलाको मृत शव भेटियो<br>• सुर्खेतको ऐतिहासिक गढी ओझेलमा, संरक्षणमा कसैको ध्यान गएन<br>• लमजुङमा चार चेली बेचेको आरोपमा युवक पक्राउ<br>• पर्याप्त पानी नपर्दा बाँकेमा धान उत्पादनमा कमी<br>• भारत सरकारले मुद्दा चलाएका तीन नेपालीलाई नवलपरासीमा रिहाइको माग<br>• बेइजिङ अन्तर्राष्ट्रिय सांस्कृतिक मेलामा नेपाल |

## *समाचारमा स्थानीय भाषा*

कैलाली जिल्लामा बोलिने मुख्य भाषा नेपाली र थारू हुन् । नेपालको २०५८ सालको जनगणनाअनुसार कैलालीमा नेपाली भाषा ५२.३७ प्रतिशत (डोटेलीसमेत) ले बोल्छन् । थारू भाषा ४१.७६ प्रतिशतले बोल्छन् । स्थानीय रेडियोले सो क्षेत्रमा प्रमुख रूपमा बोलिने भाषाभाषीलाई पनि समानुपातिक रूपमा स्थान दिनुपर्ने हो तर त्यसो हुन सकेको छैन । ती एफएमहरूले विभिन्न भाषामा दैनिक प्रसारण गर्ने समाचार बुलेटिनको अवस्था यस्तो छ :

**तालिका ६ : रेडियो आफैँले उत्पादन गर्ने विभिन्न भाषाका समाचारको संख्या**

| समाचार बुलेटिन | घोडाघोडी एफएम | दिनेश एफएम | खप्तड एफएम | टीकापुर एफएम |
|---|---|---|---|---|
| नेपाली भाषामा मूल बुलेटिन | २ | ३ | २ | २ |
| नेपाली भाषामा समाचार संक्षेप | २ | २ | ६ | ३ |
| थारू भाषामा मूल बुलेटिन | – | – | – | २ |
| थारू भाषामा समाचार संक्षेप | १ | १ | – | १ |
| डोटेली भाषामा मूल बुलेटिन | – | – | – | – |
| डोटेली भाषामा समाचार संक्षेप | – | १ | – | १ |

स्रोत : एफएमका कार्यक्रम तथा समाचार प्रसारण तालिका ।

कैलालीका एफएमहरूले नेपालीबाहेक थारू र डोटेली भाषामा समाचार प्रसारण गरेका छन् । तर तिनमा फरक भाषाका समाचारको उत्पादनका लागि छुट्टै पत्रकार वा समूहको व्यवस्था नभई नेपाली भाषाको समाचारकै विषयवस्तुलाई छोटकरीमा अनुवाद गरी वाचन गर्ने काम मात्र हुन्छ । यसको मतलब नेपाली पनि बुझ्ने श्रोताका लागि ती केवल पहिल्यै सुनिसकेका बासी समाचार नै हुन् । स्टेसनमा काम गर्ने अधिक कर्मचारी थारू समुदायका भए पनि घोडाघोडी एफएमले दिनको एक पटक मात्र थारू भाषामा हालखबर प्रसारण गर्छ । दिनेश एफएमले थारू र डोटेली भाषामा दैनिक एक-एक पटक खबर प्रसारण गर्छ । खप्तड एफएमले *खप्तड हाइलाइट* दिनमा एक पटक प्रसारण गर्छ र टीकापुर एफएमले थारू भाषामा दिनमा दुई पटक *खोजखबर* र थारू तथा डोटेली भाषामा *खबर संक्षेप* प्रसारण गर्छ (हेर्नुहोस् तालिका ६) ।

## *शिक्षामूलक कार्यक्रमको अवस्था*

आदिवासी, मुक्त कमैया, राज्यसम्म पहुँच नपुगेका समुदायको वकालत गर्ने उद्देश्यसाथ खोलेको घोडाघोडी एफएमले यी समुदायका लागि भनेर नै अध्ययन अवधिमा कुनै कार्यक्रम प्रसारण गरेको देखिएन । दातृ संस्थाको सहयोग भएका

बेलामा *हमार स्वास्थ्य*, *हमार कृषि*, *बाल कार्यक्रम*, *सोधीखोजी* जस्ता रेडियो कार्यक्रम उत्पादन र प्रसारण भए पनि अहिले एफएमको संख्या बढ्दै जाँदा दाताको सहयोग कम भएकाले यस्ता कार्यक्रम बन्द भएका छन् ।[७] घोडाघोडी एफएममा *हमार स्वास्थ्य*, *हमार कृषि* सञ्चालक संस्था ब्याकवार्ड सोसाइटी एजुकेसन बेसद्वारा सञ्चालित परियोजनाको सहयोगमा; *बाल कार्यक्रम* वर्ल्डभिजन र *सोधीखोजी* एन्टेना फाउन्डेसन नेपालको सहयोगमा उत्पादन हुन्थे । अध्ययन अवधिमा अन्तर्वार्तामूलक कार्यक्रम *आजको कुराकानी, आजुक बाटचिट र बिसौनी* प्रसारण गरेको पाइयो । तर यी कार्यक्रम नियमित प्रसारण हुँदैनन् । स्थानीयता, अल्पसंख्यक, जनजातिहरूको वकालत गर्न भनेरै स्थापना भएका रेडियोहरूले आफ्नै बारेमा बोलिदेओस् भन्ने स्थानीयको चाहना हुन्छ । तर आफ्नो समुदायलाई स्थान नदिएका अल्पसंख्यक राजी समुदायका अगुवा चित्रबहादुर राजीको गुनासो छ ।[८]

दिनेश एफएमले शिक्षा, राजनीति, स्वास्थ्य, व्यापार, कृषि, पर्यटन, प्रविधि, भौगोलिक विविधता, मनोरञ्जनात्मक लगायत सुदूरपश्चिमका अन्य विविध सवालमा नागरिकलाई सुसूचित गर्ने लक्ष्य लिएको छ । यसका लागि एफएमले सुदूरपश्चिमका सबै जिल्लामा संवाददाता राख्ने प्रयास पनि गरेको छ । दिनेश एफएमका प्रबन्ध निर्देशक गोपाल हमाल सुदूरपश्चिमभित्रै धेरै सम्भावना छन् भन्ने विचार राख्ने व्यवसायी भएकाले एफएमको उद्देश्यअनुसार पर्यटन र व्यवसायका क्षेत्रलाई प्राथमिकता दिने गरेको बताउँछन् ।[९] तर सो एफएमले अध्ययन अवधिमा उसको उद्देश्यअनुसारका विविध किसिमका शिक्षामूलक कार्यक्रम प्रसारण गरेको भने देखिएन । हप्तामा एक दिन अन्तर्वार्तामूलक कार्यक्रम *अन्तरंग* र पर्यटकीय क्षेत्रबारे जानकारी दिने कार्यक्रम *चिनारी* मात्र प्रसारण गरेको भेटियो । शिक्षामूलक कार्यक्रमको यसमा पनि खडेरी नै रहेको पाइयो । सो एफएममा सांगीतिक कार्यक्रमले अधिक समय ओगटेको छ ।

खप्तड एफएमले अध्ययन अवधिमा मानव अधिकारको वकालत गर्न *लोकतन्त्र*, दलित अधिकारको वकालत गर्न *पारालिगल* र स्थानीय समस्याका विषयमा बहस चलाउन *हाम्रो मञ्च* कार्यक्रम सञ्चालन गरेको छ । तर, यी कार्यक्रम अन्य संस्थाको प्रायोजनमा चलेकाले निरन्तरता पाउनेमा भने शंका छ । खप्तड

---

[७] मस्तवीर कन्याकंग्रहवासँग २०६७ माघ १३ मा गरिएको कुराकानी ।

[८] चित्रबहादुर राजीसँग २०६७ माघ ११ गरिएको कुराकानी ।

[९] गोपाल हमालसँग गरिएको २०६७ माघ १३ कुराकानी ।

एफएमले स्थानीय क्षेत्रको आर्थिक गतिविधिलाई समेटेर *बिजनेस आवर* प्रसारण गरिरहेको छ ।

सामुदायिक रेडियो टीकापुर एफएमले अध्ययन अवधिमा विभिन्न संस्थासँगको सहकार्यमा *आध्यात्मिक जागरण, समाधान, वन संसार* र *समानताका स्वरहरू, युवा चौतारी र अपांग आँगन* कार्यक्रम प्रसारण गरिरहेको छ । *समाधान* प्रकोप जोखिम न्यूनीकरणका लागि केयर नेपालको आर्थिक सहयोगमा सञ्चालित कार्यक्रम हो भने *वन संसार* स्थानीय सामुदायिक वनसँगको सहकार्यमा सञ्चालित कार्यक्रम हो । *समानताका स्वरहरू* जातीय विभेद अन्त्यका लागि दलित विषयक सचेतनामूलक कार्यक्रम हो । *युवा चौतारी* कार्यक्रम चेतना सञ्चार समूहका कलाकारको सहयोगमा एफएमले तयार गर्छ । यसमा युवाका विभिन्न समस्या र मुद्दाहरूलाई ठाउँ दिइन्छ ।

**तालिका ७ : कैलालीका एफएमहरूले तयार गरी प्रसारण गरिरहेका शिक्षामूलक कार्यक्रम**

| एफएमको नाम | समाचारमूलक कार्यक्रम | कार्यक्रमको ढाँचा |
|---|---|---|
| घोडाघोडी एफएम | आजुक बाटचिट | अन्तर्वार्ता |
| | आजको कुराकानी | अन्तर्वार्ता |
| | बिसौनी | अन्तर्वार्ता |
| दिनेश एफएम | अन्तरंग | अन्तर्वार्ता |
| | चिनारी | पर्यटकीय क्षेत्रको जानकारी |
| खप्तड एफएम | हाम्रो मञ्च | अन्तर्क्रियाको प्रत्यक्ष प्रसारण |
| | लोकतन्त्र | अन्तर्वार्ता |
| | पारालिगल | अन्तर्वार्ता |
| | बिजनेस आवर | समाचार |
| टीकापुर एफएम | समाधान | अन्तर्वार्ता, रिपोर्ट र समाचार |
| | वन संसार | अन्तर्वार्ता र समाचार |
| | समानताका स्वर | अन्तर्वार्ता र समाचार |
| | युवा चौतारी | नाटक |
| | अपांग आँगन | समाचार रिपार्ट |

स्रोत : एफएमका दैनिक कार्यक्रम तथा समाचार प्रसारण तालिका ।

दैनिक १४ देखि १९ घण्टासम्म प्रसारण हुने यी एफएमहरूमा तालिका ७ मा उल्लिखित कार्यक्रम हप्तामा एक पटक मात्र बज्छन् । यस हिसाबले स्थानीय सरोकारका विषयलाई यहाँका रेडियोहरूले निकै कम महत्त्व दिएको भन्न सकिन्छ । एकपछि अर्को गर्दै धेरै संख्यामा एफएमहरू खुले पनि समुदायका विभिन्न सवाललाई तिनले सशक्त ढंगले उठाउन नसकेकोमा सञ्चारमाध्यमप्रति

स्थानीयले बेलाबेलामा गुनासो गर्दैआएका छन् । एकीकृत नेकपा (माओवादी) का केन्द्रीय सदस्य ओमप्रकाश पुन पत्रकारितामा उपल्लो वर्गको हालिमुहालीका कारण पिछडिएका समुदायका सवाल कम मात्रामा उठ्ने गरेको गुनासो गर्छन् ।[१०] यस्तै, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का सुदूरपश्चिम संयोजक खड्गराज जोशी कैलालीमा एफएमको संख्या बढे पनि गुणस्तरको सवाल गौण बनाइएको र सुविधाभोगी प्रवृत्तिका कारण दुर्गम गाउँबस्तीका विषय समेटिन नसकेको बताउँछन् ।[११] कैलाली उद्योग वाणिज्य संघका अध्यक्ष दिनेश भण्डारी सुदूरपश्चिममा आर्थिक विकासका सम्भावनाबारे मिडियाले खासै चासो नराखेको र स्थानीय सञ्चारमाध्यमले आर्थिक क्षेत्रलाई महत्त्व नदिएको बताउँछन् ।[१२] यसै गरी महिला अधिकारकर्मी कमला ज्ञवाली मिडियाले महिला अधिकार, दलित अधिकार, समावेशीकरण जस्ता समुदायका लागि उपयोगी मुद्दा उठाउनुपर्नेमा विज्ञापन वा प्रायोजन पाए त्यस्ता कार्यक्रम बजाउने र नपाए बन्द गर्ने जस्तो व्यवहार गरिरहेकाले मिडियासँग डराउनुपर्ने अवस्था सिर्जना भएको बताइन । साथै, उनले महिला हिंसालगायतका मुद्दामा स्थानीय सञ्चारमाध्यमहरूको ध्यान कम गएको गुनासो गरिन् ।[१३] अर्का अधिकारकर्मी तथा नागरिक समाज टीकापुरका संयोजक फिरूलाल चौधरी सञ्चारमाध्यमले मानवअधिकार रक्षालाई मुख्य प्राथमिकतामा राख्नुपर्नेमा बेवास्ता गरिरहेका बताउँछन् ।[१४]

झन्नै ४२ प्रतिशत थारू समुदाय भएको कैलालीका रेडियोमा स्थानीय विषयमा बहस हुने थारू भाषाका कार्यक्रम अति कम छन् । ठूलै संख्यामा थारू समुदाय कृषि क्षेत्रमा क्रियाशील भए पनि स्थानीय रेडियोमा कृषि कार्यक्रम नै छैन । भएका रेडियोमा पनि गीत-संगीतका कार्यक्रम धेरै छन् । स्टेसनले थारू भाषामा पनि रेडियो कार्यक्रम छ भनेर देखाउनलाई गीत-संगीतका कार्यक्रमको संख्या बढाएका भए पनि शिक्षामूलक कार्यक्रमको मात्रा निकै कम छ र भएकामा पनि गुणस्तरको अभाव छ (सर्वहारी २०६५ : २२८, २३३) । स्थानीय क्षेत्रका दलित, महिला, अल्पसंख्यकका मुद्दा प्रशस्तै छन् जुन सञ्चारमाध्यममा उठून् भन्ने चाहन्छन् तर उठ्न सकेका छैनन् ।

---

[१०] ओमप्रकाश पुनसँग २०६७ माघ ११ मा गरिएको कुराकानी ।

[११] खड्गराज जोशीसँग २०६७ माघ १५ मा गरिएको कुराकानी ।

[१२] दिनेश भण्डारीसँग २०६७ माघ ९ मा गरिएको कुराकानी ।

[१३] कमला ज्ञवालीसँग २०६७ माघ १५ मा गरिएको कुराकानी ।

[१४] सञ्चार प्रतिष्ठान नेपालले धनगढीमा आयोजना गरेको 'मिडिया र समुदायको सम्बन्ध' विषयक छलफल कार्यक्रममा २०६७ वैशाख २ गते यी सबै भनाइ व्यक्त भएका हुन् ।

## नेटवर्किङको दबदबा

काठमाडौँका उज्यालो नेटवर्क, नेपाल एफएम नेटवर्क, सामुदायिक सूचना नेटवर्क (सीआइएन), नेपाल वाणी नेटवर्क, सामुदायिक रेडियो साझेदारी संयन्त्र (इमेल ग्रुप) र बीबीसी जस्ता नेटवर्कले कैलालीका रेडियोमा ठाउँ पाएका छन् । यिनका अलावा कार्यक्रम उत्पादन गरी नेटवर्क बनाएर वितरण गर्दै आएका इक्वेल एक्सेस, एन्टेना फाउन्डेसन जस्ता संस्थाको यहाँ पनि बलियो उपस्थिति पाइन्छ । स्थानीय एफएमहरूले काठमाडौँका समाचार र कार्यक्रम सजिलै पाइने, त्यसले केही मात्रामा आर्थिक फाइदा पनि प्रदान गर्ने र विभिन्न विषयका कार्यक्रमको अभावलाई पूर्ति गर्न अन्यत्रझैँ (हेर्नुहोस् हुमागाईं र अरू २०६५) यहाँका रेडियो पनि विभिन्न नेटवर्कमा आबद्ध हुन पुगेका हुन् ।

कैलालीका विभिन्न एफएमहरूले आफैँ उत्पादन गरेर प्रसारण गर्ने र नेटवर्कका समाचार प्रसारण गरेको समय तुलना गर्दा आफ्नो भन्दा नेटवर्कको समय अधिक छ । दिनेश र टीकापुर एफएमका समाचार आफ्नै र नेटवर्कका आधाआधी छन् । घोडाघोडी एफएमले ७० प्रतिशत र खप्तड एफएमले ६६ प्रतिशत नेटवर्कका समाचार रिले गरी प्रसारण गर्ने गरेका छन् । शिक्षामूलक कार्यक्रममा पनि नेटवर्कबाट लिइएका कार्यक्रमको उपस्थिति नै समग्रमा निकै बलियो छ । दिनेश एफएमले शिक्षामूलक कार्यक्रम २६ प्रतिशत मात्रै नेटवर्कबाट लिएको देखिए पनि समग्रमा उक्त एफएमले त्यस्ता कार्यक्रमलाई निकै कम समय छुट्ट्याएको तालिका ८ ले देखाउँछ ।

दैनिक साढे १६ घण्टाका दरले हप्तामा ६,९३० मिनेट प्रसारण हुने घोडाघोडी एफएमले हप्तामा ३५ ओटा बुलेटिन आफ्नो र ६३ ओटा बुलेटिन सीआइएन, उज्यालो, रेडियो नेपाल र बीबीसीबाट तानेर प्रसारण गर्छ । हप्तामा तीनओटा कार्यक्रम आफैँ र १० ओटा कार्यक्रम सीआइएन तथा विभिन्न क्रिश्चियन धर्मसम्बन्धी संस्थाहरूको भजन तथा कार्यक्रम प्रसारण गर्छ । समाचार र शिक्षामूलक कार्यक्रममा २,५८५ मिनेट खर्च हुन्छ भने बाँकी ४,३४५ मिनेट मनोरञ्जन र विज्ञापनलाई छुट्ट्याइएको छ ।

दैनिक १९ घण्टाका दरले हप्तामा ७,९८० मिनेट प्रसारण हुने दिनेश एफएमले हप्तामा ४९ ओटा बुलेटिन आफ्नो र २१ बुलेटिन उज्यालो र बीबीसीबाट प्रसारण गर्छ । हप्तामा दुइटा कार्यक्रम आफ्नै र एउटा कार्यक्रम बीबीसी वर्ल्ड सर्भिस ट्रस्टको गरी जम्मा तीनओटा कार्यक्रम मात्र प्रसारण गर्छ । दिनेश एफएमको समाचार र शिक्षामूलक कार्यक्रममा हप्ताभरिमा १,५३५ मिनेट मात्रै खर्च हुन्छ भने बाँकी ६,४४५ मिनेट मनोरञ्जनात्मक गीत-संगीत र विज्ञापन

बज्छ । यसको अर्थ दिनेश एफएममा ८० प्रतिशत समय गीत-संगीत र विज्ञापनले आगटेको देखिन्छ ।

**तालिका ८ : हप्ताभरिमा आफ्नो उत्पादन र नेटवर्कबाट लिइएका समाचार र कार्यक्रमको अनुपात (समय मिनेटमा)**

| एफएम स्टेसन | उत्पादनमा स्वमित्व | समाचार सामग्री | शिक्षामूलक सामग्री |
|---|---|---|---|
| घोडाघोडी एफएम | | | |
| | आफ्नो | ५२५ | ९० |
| | नेटवर्क | १,१९५ | ७७५ |
| | अनुपात | ३०:७० | १०:९० |
| दिनेश एफएम | | | |
| | आफ्नो | ७०० | १३० |
| | नेटवर्क | ६६० | ४५ |
| | अनुपात | ५१:४९ | ७४:२६ |
| खप्तड एफएम | | | |
| | आफ्नो | ४९५ | १३५ |
| | नेटवर्क | ९४५ | ८५५ |
| | अनुपात | ३४:६६ | १४:८६ |
| टीकापुर एफएम | | | |
| | आफ्नो | ५६० | ३०० |
| | नेटवर्क | ६१५ | २७० |
| | अनुपात | ४८:५२ | ५३:४७ |

स्रोत : विभिन्न एफएमका कार्यक्रम प्रसारण तालिका ।

दैनिक १८ घण्टाका दरले हप्तामा ७,५६० मिनेट प्रसारण हुने खप्तड एफएमले ४९ ओटा बुलेटिन आफ्नो र ४२ ओटा बुलेटिन नेपाल एफएम नेटवर्कको प्रसारण गर्छ । यसमा प्रसारण हुने कार्यक्रममध्ये हप्तामा चारओटा आफैँले उत्पादन गरेको छन् भने २४ ओटा कार्यक्रम क्रिश्चियन धर्मसम्बन्धी संस्था, इक्वेल एक्सेस, बीबीसी वर्ल्ड सर्भिस ट्रस्टबाट प्राप्त गरी रिले गरिएको छ । हप्ताभरिमा यस एफएमको २,४३० मिनेट समाचार तथा शिक्षामूलक कार्यक्रमले लिन्छ भने ५,१३० मिनेट मनोरञ्जनात्मक गीत संगीत र विज्ञापन बज्छ ।

यस्तै, दैनिक १३ घण्टा ४० मिनेटका दरले ५,७४० मिनेट प्रसारण हुने टीकापुर एफएमले हप्तामा ५६ बुलेटिन आफ्नो र २१ बुलेटिन सीआइएन र बीबीसीबाट लिएर प्रसारण गर्छ । यसले १० ओटा कार्यक्रम आफ्नो र आठओटा कार्यक्रम सीआइएन, बीबीसी वर्ल्ड सर्भिस ट्रस्टबाट प्राप्त गरी प्रसारण गर्छ । टीकापुर एफएमको समाचार र शिक्षामूलक कार्यक्रममा १,७४५ मिनेट मात्रै खर्च हुन्छ भने बाँकी ३,९९५ मिनेट मनोरञ्जनात्मक गीत-संगीत र विज्ञापन बज्छ ।

अरू एफएमको तुलनामा दैनिक प्रसारण अवधि कम भए पनि टीकापुर एफएमको पनि करिब ७० प्रतिशत समय गीत-संगीत र विज्ञापनले आगटेको छ ।

स्थानीय जनतालाई विभिन्न मुद्दा वा सवालबारे सूचित गराउने भन्दै स्थापना भएका एफएमहरूले आफ्नो क्षेत्रका श्रोताका लागि सरोकार राख्ने शिक्षामूलक कार्यक्रम प्रसारणमा जोड दिनुपर्ने हो । अध्ययन गरिएका एफएमहरूमा एकतिर यस्ता कार्यक्रमको संख्या नै निकै कम छ भने अर्कातिर त्यसमा पनि नेटवर्कका कार्यक्रमले बढी समय पाएका छन् । घोडाघोडी एफएमले आफैँले उत्पादन गरेका र अरूले उत्पादन गरिदिएका कार्यक्रम जोडेर हेर्दा आफ्नो प्रसारण समयको १२.५ प्रतिशत, दिनेश एफएमले २.२ प्रतिशत, खप्तड एफएमले १३ र टीकापुर एफएमले १० प्रतिशत मात्रै शिक्षामूलक कार्यक्रम बजाउँछन् । यीमध्ये पनि आफैँले उत्पादन गरेर बजाउने कार्यक्रम अति न्यून छन् । शिक्षामूलक कार्यक्रममा आफ्नै मात्र उत्पादन हेर्दा घोडाघोडी एफएमको १.३ प्रतिशत, दिनेश एफएमको १.६ प्रतिशत, खप्तड एफएमको १.७ प्रतिशत र टीकापुर एफएमको ५.२ प्रतिशत मात्र हुन आउँछ ।

यसरी कतिपय स्टेसनले जनशक्ति र आर्थिक अभावले स्थानीय कार्यक्रम उत्पादन गर्न नसकेको भने पनि आर्थिक अवस्था र जनशक्ति राम्रो देखिएका एफएम स्टेसनमा समेत अरूले नै उत्पादन गरेका समाचार र कार्यक्रम मुख्य समयमा बज्ने गरेका छन् । यस्ता कार्यक्रम र समाचार ५० देखि ७५ प्रतिशतसम्म बाहिरका छन् (हेर्नुहोस् तालिका ८ तथा भट्टराई र ओझा सन् २०१० : ८) । नेटवर्कबाट उपलब्ध कार्यक्रम बजाउँदा काठमाडौँको समाचार तथा त्यहाँ उत्पादित कतिपय स्तरीय कार्यक्रममा स्थानीय श्रोताको पहुँच त पुगेको छ तर यसले जिल्लाका पत्रकारलाई अल्छी बनाएको छ । एफएमका सञ्चालकहरूलाई पारिश्रमिक दिएर समाचार तथा कार्यक्रम उत्पादनका लागि जनशक्ति राख्नुभन्दा नेटवर्कबाट प्रसारण रिले गराएर समय भर्न सजिलो भएको छ । स्थानीय स्तरमा खुलेका एफएमहरूका लागि विज्ञापनका स्थानीय स्रोत पर्याप्त छैनन् । जिल्लाका अधिक रेडियो कुनै न कुनै नेटवर्कमा जोडिएकाले विज्ञापनदातालाई हरेक एफएम स्टेसनमा पुगिरहनु पर्दैन; सीधै नेटवर्कमा गए पुग्छ । यसरी स्थानीय रेडियोमा पुग्ने विज्ञापन नेटवर्कमा जाँदा स्थानीय एफएमले पाउने स्रोत पनि नेटवर्कमै रहन्छ । कतिपय नेटवर्कले आफूले उत्पादन गरेका समाचार स्थानीय एफएमलाई दिएर उनीहरूबाट विज्ञापन प्रसारण गर्ने समय सटही गरिरहेका हुन्छन् (हुमागाईं र अरू २०६५ : ९५) । अर्थात् स्थानीय एफएमले नेटवर्कमार्फत जाने ती समाचारको बीचमा बज्ने विज्ञापनको पैसा

पाउँदैनन् । केन्द्रमा रहेका विभिन्न विकासे संस्थाहरूबाट प्रायोजन हुने कार्यक्रम, जो स्थानीय क्षेत्रका लागि पनि लक्षित हुन्छन्, उत्पादनको काम पनि नेटवर्कले नै पाउने भएकाले स्थानीय रेडियोबाट कार्यक्रम बजे पनि पत्रकारको क्षमता विकास हुन पाउँदैन ।[१५] रेडियोका लागि आर्थिक श्रोत दिने दाता काठमाडौँका नेटवर्कमा केन्द्रित हुने र नेटवर्कबाट पर्याप्त मात्रामा तलसम्म उक्त स्रोत नपुग्ने हुनाले स्थानीय रेडियो आर्थिक रूपले मर्कामा परिरहेका छन् । सुदूरपश्चिमको पहिलो सामुदायिक रेडियो घोडाघोडी एफएममा यसको स्थापना कालमा, जुनबेला नेटवर्कहरूको उपस्थिति निकै न्यून थियो, काठमाडौँबाट पाउने स्रोत उल्लेख्य थियो । अहिले त्यस बेलाको तुलनामा २० प्रतिशत स्रोत पनि काठमाडौँबाट आउँदैन ।[१६]

## स्थानीय विषय कम समेटिनुका कारण

स्थानीय मुद्दाहरूले रेडियोमा यथोचित स्थान पाउन नसक्नुमा मिडियाको नेतृत्व, जनशक्ति, पेसागत र भौतिक सुरक्षाको प्रश्न र संस्थागत नीति जस्ता थुप्रै कारण विद्यमान रहेको किरण नेपालको एक लेखमा बताइएको छ (नेपाल सन् २००७) । नेपालका अनुसार राजनीतिक दलका नेता र व्यापारी मिडियाका मालिक भएपछि उनीहरूका लागि राजनीतिक भाषण र व्यापारिक विज्ञापनले प्राथमिकता पाउँछन्; सामाजिक मुद्दा ओझेलमै पर्छन् । कतैकतै लगानीकर्ताको हस्तक्षेपका कारण पनि स्थानीय मुद्दा ओझेल पर्ने गरेको नेपालको ठम्याइ छ । नेपालले औँल्याएका यी सन्दर्भ कैलालीका रेडियोहरूमा पनि लागू हुन्छ । तल विभिन्न उपशीर्षकमा एफएममा सोचेअनुरूप स्थानीय विषयवस्तुले प्राथमिकता नपाउनुका दुई प्रमुख कारणबारे चर्चा गरिन्छ :

### *अर्थ र जनशक्तिको अभाव*

सामुदायिक रेडियो घोडाघोडी एफएम वि.सं. २०६१ मा स्थापना हुँदा समाचार र समाचारमूलक कार्यक्रमका लागि तयार गरिएका सात जनामध्ये अहिले एक जना मात्र कार्यरत छन् । रेडियो कार्यक्रम *ख्याल* सञ्चालन गरेदेखि रेडियोको अनुभव बटुलेका स्टेसन म्यानेजर विश्वराज पछलङ्ग्याले अहिले रेडियो छोडिसकेका

---

[१५] सामुदायिक रेडियो प्रसारक संघका महासचिव खेम भण्डारीसँग २०६७ पुस ६ मा गरिएको कुराकानी ।

[१६] एफएमका प्रबन्ध निर्देशक ध्रुवबहादुर शाहसँग २०६७ पुस २६ मा गरिएको कुराकानी ।

छन् । यही कार्यक्रमबाट रेडियो पत्रकारिता थालेकी पुष्पा चौधरी सामुदायिक रेडियो गुर्बाबा एफएम बासगढी बर्दियाको स्टेसन म्यानेजरका रूपमा कार्यरत छिन् । कार्यक्रम उत्पादक सुमित्रा चौधरी कृष्णसार एफएम नेपालगञ्जमा आंशिक रूपमा कार्यरत छिन् । समाचार संयोजक पीआर चटौत रेडियो अमरगढी डँडेलधुरामा छन् । कार्यक्रम उत्पादक जुठिराम चौधरी र माघुराम चौधरीले रेडियो पत्रकारिता छोडेर अन्यत्रै काम थालेका छन् । स्थापनाकालका रेडियोकर्मी मस्तवीर कन्याकंग्रहवा मात्र स्टेसन म्यानेजरका रूपमा कार्यरत छन् । समाचार शाखामासमेत काम गर्ने स्टेसन म्यानेजर र उनका साथमा एक जना सिकारु पत्रकार मात्रै त्यहाँ छन् । रेडियोको आर्थिक अवस्था खस्कँदो भएकाले थप पत्रकार राख्ने अवस्था छैन । पत्रकार नै नभएपछि रेडियो समाचारमा स्थानीय खबर र रेडियोमा समाचारमूलक कार्यक्रम हुने कुरै रहेन ।[१७] नयाँ सिकारु पत्रकारहरूले समाचार धान्नु परिरहेको छ । सिकारु पत्रकार पनि काम जानिसकेपछि उचित पारिश्रमिक वा अन्य अवसरतिर आकर्षित भई अन्यत्रै हिँड्ने गरेका छन् । व्यवस्थापन भने दक्ष जनशक्ति राख्दा धेरै पारिश्रमिक दिनुपर्ने भएकाले नयाँ प्रवेशीहरूबाटै काम लिने मनस्थितिमा देखिन्छ ।

खप्तड एफएम सुरु भएको वर्ष समाचार शाखामा स्टेसनभित्रै नौ जना कार्यरत थिए । समाचार संयोजक दीर्घराज उपाध्यायसहितका पत्रकारले छोडेपछि अर्का पत्रकार शिवराज योगीले समाचार शाखाको नेतृत्व सम्हाले । तर उनले पनि केही समयमै उक्त एफएम छोडे । त्यसपछि त्यहाँ कुनै नयाँ पत्रकार भर्ना भएका छैनन् । उपाध्याय *राजधानी* दैनिक र इमेज टेलिभिजनका लागि धनगढीस्थित संवाददाता हुन् । उनी स्थानीय पत्रिकामा पनि संलग्न छन् । आजकाल खप्तड एफएममा स्टेसनमा एक जना समाचार प्रमुख र एक जना संवाददाता मात्रै छन् ।[१८] एफएमको प्रसारण सुरु हुँदा रेडियो टीकापुर एफएमले दुई जना नेपाली भाषा र दुई जना थारू पत्रकार राखेको थियो । समाचार संयोजक दीपक ढुंगाना सहकारी संस्थामा जागिरे भएपछि उनले एफएम छोडे । सो पद खाली भएको एक वर्षपछि मात्रै नयाँ पत्रकार भर्ना गरियो । दिनेश एफएम स्थापना भएका बेला समाचार संयोजकका रूपमा कार्यरत लोकेन्द्र विष्टले एफएम छाडेपछि अर्का पत्रकार टेकराज जोशीले त्यही भूमिकामा काम गरेका थिए । यो अध्ययन भइरहँदा जोशीले पनि एफएममा काम छोडिसकेका

---

[१७] घोडाघोडी एफएमका प्राविधिज्ञ नरेन्द्र चौधरीसँग २०६७ पुस २५ मा गरिएको कुराकानी ।

[१८] खप्तड एफएमका समाचार संयोजक केशव कोइरालासँग २०६७ पुस २५ मा गरिएको कुराकानी ।

छन् भने अहिले शिवराज भट्ट नयाँ प्रवेशी छन् । यसरी कार्यरत जनशक्तिले छोड्ने र नयाँ जनशक्ति भर्ना नहुने र भए पनि धेरै नटिक्ने भएपछि रेडियोमा आफ्नो उत्पादन कम हुनु र नेटवर्कप्रतिको निर्भरता बढ्नु अस्वाभाविक भएन । दिनेश एफएमका स्टेसन म्यानेजर अमिता कुँवर राम्रो कार्यक्रम दिन राम्रो जनशक्ति र राम्रो जनशक्तिलाई राम्रो पैसा चाहिन्छ तर यहाँको बजारले दिने आम्दानीले राम्रो पैसा दिन सकिने स्थिति नभएको बताउँछन् ।[१९]

एफएम रेडियोले स्थानीय विषयवस्तुमा आधारित विभिन्न कार्यक्रम प्रसारण नगरेका भने होइनन् । घोडाघोडी एफएमले महिला, कृषि, मुक्त कमैया, वन र वातावरणसम्बन्धी छुट्टाछुट्टै कार्यक्रम चलाउँथ्यो । खप्तड एफएमले युवा, पर्यटनबारे कार्यक्रम सञ्चालन गरेको थियो । टीकापुर एफएमले मानवअधिकार, अपांगता, कृषि, युवा, खेलसम्बन्धी कार्यक्रम सञ्चालन गरेको थियो । जबसम्म स्वयंसेवी रूपमा विभिन्न व्यक्तिहरूले कार्यक्रम सञ्चालन गरे वा कुनै संस्थाले निश्चित कार्यक्रमका लागि प्रायोजन गरिदियो, त्यति बेलासम्म मात्र कार्यक्रम चले । तर, संस्थाले प्रायोजन गर्न छोडेपछि वा कार्यक्रम उत्पादक र सञ्चालकलाई पाश्रिमिक दिनुपर्ने अवस्था आएपछि त्यस्ता कार्यक्रम बन्द भए ।

प्रसारण भइरहेका समाचार र अन्य कार्यक्रमले निरन्तरता नपाएकामा सञ्चालक वा व्यवस्थापन तहका व्यक्तिहरूको पनि आफ्नै गुनासो छ । दिनेश एफएमका प्रबन्ध निर्देशक गोपाल हमाल भन्छन्, "सौखमा आएकाहरूको सुरुमा चार्म हुन्छ, बिस्तारै घट्छ । धित मरेपछि छोड्छन् । कृषि कार्यक्रम दुई वर्ष चलायौँ । न कुनै प्रायोजक भेटिए न विज्ञापन पाइयो । कार्यक्रम किसानलक्षित थियो । काम गरिरहेकाले छोड्यो अर्को पाइएन ।"[२०] हमालको भनाइअनुसार व्यावसायिक रेडियोकर्मीका रूपमा काम गर्ने पत्रकारको पनि खाँचो छ । बिट अनुसारका कार्यक्रम सञ्चालनका लागि विज्ञको खाँचो हुन्छ, जनशक्ति तयार गऱ्यो अर्कोतिर हिँडिहाल्छ । पत्रकार उमिद वागचन्द भने अहिले सबैक्षेत्रमा एफएम खोल्ने होडबाजी मात्र चलेको तर पत्रकार कसरी टिकाउने भन्नेतर्फ ध्यान नगएको बताउँछन् ।[२१] समाचारहरू इन्टरनेट र नेटवर्कबाट सजिलै प्राप्त गर्न र जिल्लाभित्रै पनि स्टेसनमै बसेर समाचार तयार गर्न सकिने हुनाले थोरै

---

[१९] सामुदायिक रेडियोका प्रसारकहरूको सुदूरपश्चिम भेलामा २०६७ पुस ६ मा कुँवरद्वारा व्यक्त विचार ।

[२०] हमालसँग २०६७ पुस ६ मा गरिएको कुराकानी ।

[२१] सामुदायिक रेडियोका प्रसारकहरूको सुदूरपश्चिम भेलामा २०६७ पुस ६ मा व्यक्त विचार ।

जनशक्तिले समाचार बुलेटिन तयार गरी वाचन गर्न सक्छन् तर रेडियो कार्यक्रम उत्पादन गर्दा मिहिनेत धेरै लाग्ने हुनाले जनशक्ति कम भएका स्टेसनमा समाचारमूलक कार्यक्रम कम बज्छन् ।

### *असुरक्षा*

भौतिक वा पेसागत असुरक्षाका कारण पत्रकारले स्थानीय विकृति र विसंगतिविरूद्ध खासै आवाज उठाउन सकेका छैनन् । साथै, विभिन्न राजनीतिक दल वा समूहले आफ्नो पक्षमा समाचार लेख्न दबाब दिने तथा पत्रकार वा मिडियामाथि आक्रमण हुने कारणले पनि पत्रकारहरूले निर्भयपूर्वक विषयवस्तु उठाउन सकिरहेका छैनन् । समाचार लेखेकै कारण पत्रकारलाई कुटने, बेपत्ता पार्ने र हत्यासम्म गर्ने घटना बारम्बार भइरहँदा पनि दोषीमाथि कारबाही हुन सकेको छैन । कुनै पत्रकारले जोखिम उठाएर खोजमूलक रिपोर्ट गरिहालेमा पनि त्यस्तो रिपोर्ट छाप्ने वा प्रसारण गर्ने सामर्थ्य नेपालका प्रकाशन प्रसारण संस्थासँग छैन (गाँउले २०६६) । यो अध्ययन भइरहँदा २०६७ मंसिर ५ गते आफ्नो पार्टी सम्बद्ध समाचार प्रवाह नभएको र एनेकपा (माओवादी) पक्षको समाचार मात्र प्रवाह गरेको भन्दै थरूहट तराई जनता दलका कार्यकर्ताद्वारा धनगढीस्थित जनआवाज एफएमका उपकरण नै लुटिए । प्रहरीले चन्दा असुली गरेको आरोपमा कैलालीको लालबोझी गाविसको दक्षिणपुरूवास्थित करन चौधरीको घरबाट नारायणपुरका रामकिशन चौधरी, रतनपुरका कान्छा चौधरी, रामशिखरझाला गाउँका राजु चौधरीलाई पक्राउ गरेको थियो । पक्राउ पर्नेमध्येमा रामकिशन चौधरीले जिल्ला प्रहरी कार्यालय कैलालीमा प्रहरीले आयोजना गरेको पत्रकार सम्मेलनमा थरूहट स्वायत्त राज्य परिषद्का संयोजक लक्ष्मण थारू (रोशन) को संलग्नतामा लुटेको बताएपछि घटनाको पुष्टि भएको थियो । मंसिर ५ गते थरूहट तराई जनता दलको नामबाट प्रेस विज्ञप्तिमार्फत रेडियो जनआवाज आफूहरूले नै लुटेको भन्दै उसले जिम्मेवारी लिएको थियो (धनगढी पोष्ट २०६७) ।

यस्तै कैलालीको उर्मा गाविसस्थित रामपुरमा गाउँलेको स्वामित्वमा रहेको महादेवा तालमा माओवादी कब्जाको विषयलाई लिएर छापिएको समाचारका कारण एक पत्रकारले सो दलका कार्यकर्ताको आक्रमण सहनुपर्‍यो । *धनगढी पोष्ट* दैनिकमा २०६५ जेठ ११ गते 'कस्तो दुर्भाग्य ! कतै ऐन कतै चैन' शीर्षकमा सो समाचार प्रकाशन भएपछि माओवादी कार्यकर्ताबाट पत्रकार लक्की चौधरी गाउँ गएका बेला जेठ १३ गते कुटिए । जेठ १५ गते नेपाल पत्रकार महासंघ कैलालीले पत्रकारको सुरक्षा र दोषीमाथि कारबाहीको माग गर्दै जिल्ला

प्रशासन कार्यालय कैलालीमा प्रशासनसँग छलफल गरिरहँदा माओवादी कार्यकर्तासहितको जुलुस प्रशासन कार्यालयभित्र पस्न खोज्यो । नियन्त्रण गर्ने क्रममा प्रहरीले गोली चलाउँदा प्रदर्शनकारीमध्येका तीन जनाको ज्यान गयो । घटनाले जटिल मोड लिएपछि केही दिन धनगढीका पत्रिका बन्द भए । सर्वदलीय सहमतिले अरू पत्रिका केही दिनपछि खुले पनि लक्की चौधरी प्रकाशक/सम्पादक रहेको थारू भाषाको पत्रिका *पहुरा* भने पुनः सञ्चालन हुने अवस्था भएन र चौधरी धनगढीबाट विस्थापित हुनुपर्‍यो (बोहरा २०६५) ।

क्रान्तिकारी पत्रकार संघ कैलालीका अध्यक्ष तथा *जनदिशा* दैनिकमा कार्यरत कैलालीका पत्रकार जगतप्रसाद (जेपी) जोशीको पनि रहस्यमय तरिकाले हत्या भयो । २०६५ असोज २२ गते कैलालीको अत्तरियाका व्यापारी लोकेन्द्र रावतले पैसा दिए काठमाडौँ जान्छु भनी हिँडेका उनी एक्कासि बेपत्ता भए । बेपत्ता भएको केही दिनमा मंसिर १३ गते अत्तरिया नजिकैको चौकीडाँडा सामुदायिक वनमा फेला परेका मानव कंकालसँगै जोशीको मोबाइल, कपडा, लाइसेन्सलगायत कागजपत्र फेला परेपछि उनको हत्या भएको पुष्टि भयो । तत्कालीन नेकपा (माओवादी) ले व्यापारी रावतलाई राख्न दिएको तीन लाख रुपैयाँमध्येको ६५ हजार रुपैयाँ लिन गएका जोशीले केही दिनअघि आफ्नै बाइलाइनमा *जनदिशा* दैनिकमा पाटे बाघको छाला तस्करीमा तिनै रावतको संलग्नता रहेको भनेर समाचार छापेका थिए । प्रहरीले भने बाघको छाला बेवारिसे अवस्थामा बरामद गरिएको भनेर रावतलाई उन्मुक्ति दिएको थियो (पत्रकारिता २०६६) । माओवादीका नेता लेखराज भट्टका स्वकीय सचिवसमेत रहेका जोशीले थरूहट विरोधी लेख र विचार प्रकाशित गर्दैआएका थिए ।

उपर्युक्त सबै घटना पत्रकारिता गरेकै कारणले मात्र भयो वा अन्य कारण पनि छन् भनेर किटान गर्न गाह्रो छ । यद्यपि कैलालीमा भएका यस्ता विभिन्न घटनाक्रमको परिणतिस्वरूप यहाँको पत्रकारिता भयको बीचबाट गुज्रिएको भने पक्कै छ । तिनले पत्रकारहरूको मनोबल गिराएका छन् । कुनै समाचार बजाउँदा कसैलाई असहज लाग्नेबित्तिकै फोन र स्टेसनमै आएर धम्क्याउने घटना बढ्दै गएकाले आफ्नो र स्टेसनको सुरक्षाका लागि पनि जानकारीमा आएका समाचार सोचविचार गरेर बजाउनुपर्ने टीकापुर एफएमका पत्रकार दुर्गा देवकोटा बताउँछिन् ।[२२] कसैलाई चित्त नबुझे स्टेसनमा नै आक्रमण हुनसक्ने डरले पनि विवाद आउन सक्ने समाचार सम्पादनकै क्रममा हटाइदिने गरेको पत्रकार देवकोटा बताउँछिन् ।

---

[२२] देवकोटासँग २०६७ माघ ११ मा गरिएको कुराकानी ।

उपर्युक्त दृष्टान्तहरूले स्थानीय मुद्दामा समाचार लेख्दा वा प्रकाशन/प्रसारण गर्दा पत्रकार र सञ्चारमाध्यमहरू सेल्फ सेन्सरसिप भोगिरहेको प्रस्ट पार्दछ । अर्कोतर्फ एफएमको जागिरले आर्थिक गुजारा पनि नभइरहेकाले सानोतिनो खतरा मोलेरै पनि स्थानीय मुद्दा उठाउन पत्रकारहरू अघि सर्ने अवस्था नरहेको खप्तड एफएमका समाचार संयोजक केशव कोइराला बताउँछन् ।[२३]

## निष्कर्ष

यसरी कैलालीका एफएम रेडियोहरूले स्थापना कालमा राखेका उद्देश्य र अध्ययनका क्रममा स्टेसनले उपलब्ध गराएका सामग्री हेर्दा रेडियोहरूले उद्देश्यअनुसारका स्थानीय सरोकारका कार्यक्रम सञ्चालन गर्न सकेका छैनन् । एफएमको विधान, विनियममा उल्लेख गरिएको उद्देश्यमा स्थानीय भाषा, संस्कृति आदिबारे सरोकार राख्ने विषयवस्तुलाई प्राथमिकता दिने बताए पनि त्यस्तो देख्न पाइएन । यसतर्फ नीतिगत पहलस्वरूप कुनै सम्पादकीय नीति नै बनाएका छैनन् । धेरै एफएमहरूले आज के बजाउने भनेर प्राथमिकता छुट्ट्याएर समाचार खोजेर बजाउँदैनन्, बरु समाचार बज्ने समयसम्म जे-जे प्राप्त हुन्छन् त्यसैलाई पहिलो, दोस्रो क्रममा राखेर समाचार प्रसारण गरिदिन्छन् । कुन क्षेत्रका लागि कस्ता किसिमका कार्यक्रमको आवश्यकता छ भन्ने थाहै नभएको त होइन तर त्यसअनुसार रेडियोहरूले विविध कार्यक्रमहरू पस्किन सकिरहेका छैनन् । पस्किन खोजे पनि निरन्तरता दिन सकेका छैनन् । त्यसका लागि आवश्यक आर्थिक स्रोत र जनशक्ति जुटाउनेतर्फ उचित पहल हुन सकेको छैन । निजी वा सामुदायिक जेसुकै भने पनि रेडियोमा प्रसारण भइरहेका समाचार र कार्यक्रम हेर्दा तिनमा खास भिन्नता पाउन सकिँदैन । उद्देश्यअनुसारका गुणस्तरीय समाचार र कार्यक्रम दिन जनशक्ति दक्ष हुनुपर्छ । एफएममा प्रवेश गरेकाहरू काम गर्दै खारिनुको सट्टा केही समय काम गरेर छिट्टै पलायन भइरहेका छन् । दक्ष जनशक्तिलाई राम्रो पैसा चाहिन्छ, राम्रो पैसा दिन रेडियोसँग दरिलो आम्दानीको स्रोत छैन भन्ने जवाफ सबै रेडियो सम्बद्ध व्यक्तिहरूको छ । रेडियोले नाफा कमाएपछि दक्ष जनशक्ति राखेर स्थानीय मुद्दा उठाउने हो वा दक्ष जनशक्ति राखेर स्थानीय मुद्दा उठाएर आफ्नो रेडियोलाई लोकप्रिय बनाएपछि नाफा पनि कमाउने हो थप बहसको विषय हुन सक्छ ।

---

[२३] कोइरालासँग २०६७ पुस २५ मा गरिएको कुराकानी ।

रेडियोको पक्षबाट विश्लेषण गर्ने हो भने उद्योगधन्दा कमै रहेको, अन्य व्यापारिक वस्तुको विज्ञापनको प्रचलन नै कम भएको, बजारमा प्रतिस्पर्धाका नाममा सस्तोमा विज्ञापन बजाउने होडबाजीले बग्रेल्ती खुलेका रेडियो आर्थिक संकटमा छन् । आर्थिक अभावले राम्रो जनशक्ति राख्न नसकिने, राम्रो जनशक्ति नराखी राम्रो कार्यक्रम उत्पादन र स्थानीय मुद्दा गहन रूपमा उठाउन नसकिने अवस्था छ । दीर्घकालीन योजनासाथ पुग्दो पुँजीको जोहो नगरी एफएम सञ्चालन गर्दा गुणस्तर कायम गर्न तिनलाई गाह्रो भएको पनि छ ।

अध्ययनमा समेटिएका चारओटा एफएममध्ये दिनेश एफएमको समाचारमा स्थानीय सामग्री समेट्ने प्रयास गरिएको देखिन्छ । तर समग्रमा समाचारमूलक कार्यक्रमका मात्रा हेर्दा १.६ प्रतिशत मात्रै हुन आउँछ । बाहिरका सामग्री तुलनात्मक रूपमा अरूभन्दा कम बजाएको देखिए पनि गीतसंगीतले नै बढी समय लिएको छ । खप्तड एफएम र घोडाघोडी एफएम त झन् आफूले निर्धारण गरेको उद्देश्यबाट अरू धेरै विचलित भएका छन् । घोडाघोडी एफएमले ७० प्रतिशत समाचार र ६६ प्रतिशत शिक्षामूलक कार्यक्रम अरूकै प्रसारण गरिरहेको छ । खप्तड एफएममा पनि ९० प्रतिशत समाचार ८६ प्रतिशत कार्यक्रम अरूकै बज्छ । यो तथ्यांकले स्थानीय क्षेत्रमा एफएम रेडियोहरू केका लागि स्थापना भएका हुन् भन्ने प्रश्नलाई जोडदाररूपले उठाइदिएको छ । प्रसारण समय कम भएकाले समाचार र कार्यक्रममा आफ्नो र बाहिरको सामग्री आधाआधी रहेको टीकापुर एफएमलाई यथास्थितिमै टिक्नु पनि चुनौतीपूर्ण छ ।

यसरी एउटै ठाउँमा धेरै स्टेसन चल्दा गुणस्तरका लागि प्रतिस्पर्धा हुनुपर्नेमा कैलालीका एफएमहरू आधारभूत तहबाटै माथि उठ्न नसकेको अवस्था छ । सञ्चालन भइरहेका एफएमहरूले लगानी बढाउँदै प्रसारणमा स्थानीय सामग्रीको हिस्सा बढाउन जरूरी छ भने नयाँ खुल्ने स्टेसनका लागि पर्याप्त पुँजीसहित र एफएम केका लागि खोल्ने भन्ने प्रस्ट दृष्टिकोण र योजना हुनु जरूरी छ । नेटवर्कका सामग्री बजाएरै एफएम चलाउन सकिन्छ भनेर सोच्नु दीर्घकालका लागि मात्रै होइन वर्तमानका लागि पनि निकै असफल सिद्ध हुनेछ ।

## धन्यवाद

अध्ययनका क्रममा सहयोग गर्नु हुने दिनेश एफएमका प्रबन्ध निर्देशक गोपाल हमाल, पत्रकार टेकराज जोशी, सीताराम ओझा, सामुदायिक रेडियो घोडाघोडी एफएमका स्टेसन म्यानेजर मस्तवीर कन्याकंग्रहवा, खप्तड एफएमका स्टेसन म्यानेजर तीर्थ ओझा, समाचार प्रमुख केशव कोइराला, सामुदायिक रेडियो

टीकापुर एफएमका प्रबन्ध निर्देशक गणेश चौधरीलगायतलाई धन्यवाद दिन्छु । यो अध्ययन 'चौतारी मिडिया फेलोसिप-२०१०' अन्तर्गत गरिएको हो । त्यसका लागि मार्टिन चौतारीलाई हार्दिक धन्यवाद । अनुसन्धान तथा लेखनका विभिन्न चरणमा मार्गनिर्देश गर्ने चौतारीका मिडिया अनुसन्धाता देवराज हुमागाईं तथा लेखको परिमार्जनमा सल्लाह सुझावका लागि यस जर्नलका अन्य सम्पादकप्रति पनि आभारी छु ।

## सन्दर्भसामग्री

गाउँले, शिव । २०६६ । नेपालमा खोज पत्रकारिताका चुनौती । *मिडिया अध्ययन* ४ : २०७-२१५ ।

धनगढी पोष्ट । २०६७ । लक्ष्मण थारूको नेतृत्वमा लुटपाट । १२ मंसिर, पृ. १ ।

पत्रकारिता । २०६६ । किन मारिए जेपी जोशी ? जेठ-साउन, पृ. ६-९ ।

बोहरा, रामेश्वर । २०६५ । तनाव हट्यो । *हिमाल खबरपत्रिका* २२० : २५ ।

सर्वहारी, कृष्णराज । २०६५ । थारू भाषामा रेडियो कार्यक्रम : संख्यामै जोड । *स्वतन्त्र रेडियोको एक दशक : विकास, बहस र सामाजिक सरोकार* । देवराज हुमागाईं, प्रत्यूष वन्त र कोमल भट्ट, सं., पृ. २११-२४१ । काठमाडौँ : मार्टिन चौतारी ।

हुमागाईं, देवराज, कोमल भट्ट र हर्षमान महर्जन । २०६५ । *रेडियो नेटवर्क : अभ्यास, अन्तर्वस्तु र स्थानीय प्रभाव* । काठमाडौँ : मार्टिन चौतारी ।

Bhattarai, Binod with Ghanendra Ojha. 2010. *What's on air?* Kathmandu: Community Radio Support Center (CRSC), Nepal Forum of Environmental Journalist (NEFEJ).

Nepal, Kiran. 2007. Thinking Nationally, Acting Locally: Nepal's Radio Success Faces New Challenges. *Nepali Times,* 9-15 march, p. 9.